लुम्बिनी प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय

# प्रदेश खेलकुद परिषद् लुम्बिनी

PROVINCE SPORTS COUNCIL, LUMBINI NEPAL
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : ०८१/८२
च. नं. : ४६

मितिः २०८१।०८।१२

श्री जिल्ला खेलकुद विकास समिति (सबै)
लुम्बिनी प्रदेश

विषय: आवश्यक सहजिकरण सम्बन्धमा।

प्रस्तुत विषयमा राष्ट्रिय खेलकुद परिषद्, नेपाल खेलकुद विज्ञान प्रतिष्ठानले संचालन गर्ने भविष्यका लागि खेलकुद कार्यक्रम-२०८१, का लागि इच्छुक बालबालिकाहरुलाई छनोटमा सहभागी गराउन आवश्यक सहजिकरण गरिदिनुहुन निर्देशानुसार अनुरोध छ। कार्यक्रम सम्बन्धी विवरण पाना-२ यसै पत्र साथ संलग्न राखी पठाईएको छ।

२०८१/०८/१२

अमृत के.सी.
(प्रशासन प्रमुख)

Email-lumbinisportscouncil@gmail.com, Phone No: 082-590759
"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"

# राष्ट्रिय खेलकुद परिषद
प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं, नेपाल
## National Sports Council
Head Office: Tripureshwor, Kathmandu, Nepal

विभाग/शाखा
Dept./ Sec.
मिति/ Date:

Ref. No.: ४२१०८९

मितिः २०८१/०८/०६

श्रीमान प्रमुख ज्यू / सदस्य सचिव ज्यू,
सात वटै प्रदेश खेलकुद विकास परिषद् ।

विषयः- आवश्यक सहयोग सम्वन्धमा ।

उरोक्त विषयमा हाम्रा वालवालिकाहरुमा खेलप्रतिको आकर्षण वढाउनुका साथै उनीहरुलाई भविष्यका सफल खेलाडी वनाउनका लागि भविष्यका लागि खेलकुद कार्यक्रम-२०८१ प्रारम्भ गरेका छौं । नेपालको हरेक प्रदेशवाट ८ देखि १२ वर्ष उमेर समूहका वालवालिकाहरुको विभिन्न परिक्षणवाट खेल प्रतिभा पहिचान गरी संरक्षित खेल तालिम र शैक्षिक सहयोग मार्फत दुई ओलम्पिक चक्रको अवधिका लागि विभिन्न प्रदेशमा, विभिन्न मिति र स्थानमा यस कार्यक्रमका लागि छनौट गर्ने तालिका यसै साथ संलग्न राखी पठाइएको ब्यहोरा अनुरोध गर्दछौं । यस कार्यक्रमका लागि त्यहाँवाट मातहतका निकायहरुमा सूचना प्रवाह गर्नुका साथै आवश्यक सहयोगको लागि अनुसरोध गर्दछु ।

सहयोगका लागि धन्यवाद ।।

कृष्ण तिमिल्सिना
निर्देशक
नेपाल खेलकुद विज्ञान प्रतिष्ठान
सातदोबाटो, ललितपुर

प्रदेश खेलकुद ... लुम्बिनी प्रदेश
दर्ता नं ४४
दर्ता मिति २०८१/०८/१२

# राष्ट्रिय खेलकुद परिषद

नेपाल खेलकुद विज्ञान प्रतिष्ठान, सातदोबाटो

## भविष्यका लागि खेलकुद कार्यक्रम सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०८/०८

राष्ट्रिय खेलकुद परिषद्, नेपाल खेलकुद विज्ञान प्रतिष्ठानको **"भविष्यका लागि खेलकुद"** कार्यक्रमका लागि छनोट कार्यक्रम निम्न बमोजिम हुने हुँदा ७ वटै प्रदेशका ९ देखि १२ वर्ष उमेर समूहका इच्छुक बालबालिकाहरुलाई छनोटमा सहभागी हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

छनोट हुने मिति २०८१ मंसिर १८ गतेदेखि
छनोट हुने स्थान देहाय बमोजिम हुनेछ।

| क.स | प्रदेश | छनोट हुने स्थान | मिति तथा समय | जिम्मेवारी | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश | ईलाम जि.खे.वि.स.<br>विराटनगर रङ्गशाला | २०८१/०८/१८ - १९<br>२०८१/०८/२१ - २२<br>समय: बिहान ८ बजे | कृष्ण तिमिल्सिना<br>राजेन्द्ररत्न तुलाधर<br>शिवराज भट्ट | ९८५६०६७६७६<br>९८५६०६७६७६<br>९८४८७६८१०५ |
| २ | मधेश प्रदेश | धनुषा जि.खे.वि.स.<br>विरगञ्ज रङ्गशाला | २०८१/०८/२४ - २५<br>२०८१/०८/२७ - २८<br>समय: बिहान ८ बजे | कृष्ण तिमिल्सिना<br>राजेन्द्ररत्न तुलाधर<br>शिवराज भट्ट | ९८५६०६७६७६<br>९८५६०६७६७६<br>९८४८७६८१०५ |
| ३ | बागमती प्रदेश | भक्तपुर जि.खे.वि.स.<br>चितवन जि.खे.वि.स. | २०८१/०८/३०- ९/१<br>२०८१/०९/०३- ०४<br>समय: बिहान ८ बजे | कृष्ण तिमिल्सिना<br>राजेन्द्ररत्न तुलाधर<br>शिवराज भट्ट | ९८५६०६७६७६<br>९८५६०६७६७६<br>९८४८७६८१०५ |
| ४ | गण्डकी प्रदेश | पोखरा रङ्गशाला<br>म्याग्दी जि.खे.वि.स. | २०८१/०९/०६ - ०७<br>२०८१/०९/०९ - १०<br>समय: बिहान ८ बजे | कृष्ण तिमिल्सिना<br>राजेन्द्ररत्न तुलाधर<br>शिवराज भट्ट | ९८५६०६७६७६<br>९८५६०६७६७६<br>९८४८७६८१०५ |
| ५ | सुदूरपश्चिम प्रदेश | कञ्चनपुर जि.खे.वि.स.<br>विरेन्द्र विद्यामन्दिर,<br>टिकापुर | २०८१/०८/१८ - १९<br>२०८१/०८/२१ - २२<br>समय: बिहान ८ बजे | सुलोचना सिजख्वा<br>कुमारी हिरा पन्त<br>रिता मैया प्रजापती | ९८४३७५२९४५<br>९८६१३८०१८७<br>९८४३२६९५९६ |
| ६ | कर्णाली प्रदेश | सुर्खेत रङ्गशाला<br>सल्यान जि.खे.वि.स. | २०८१/०८/२६ - २७<br>२०८१/०८/२९ - ३०<br>समय: बिहान ८ बजे | सुलोचना सिजख्वा<br>कुमारी हिरा पन्त<br>रिता मैया प्रजापती | ९८४३७५२९४५<br>९८६१३८०१८७<br>९८४३२६९५९६ |
| ७ | लुम्बिनी प्रदेश | बर्दिया जि.खे.वि.स.<br>बेलझुण्डी रङ्गशाला दाङ्ग | २०८१/०८/२३ - २४<br>२०८१/०९/०२ - ०३<br>समय: बिहान ८ बजे | सुलोचना सिजख्वा<br>कुमारी हिरा पन्त<br>रिता मैया प्रजापती | ९८४३७५२९४५<br>९८६१३८०१८७<br>९८४३२६९५९६ |

**नोट :**

(१) छनोटमा सहभागी हुने बालबालिकाहरुले जन्म दर्ताको प्रमाणपत्र अनिवार्य ल्याउनु पर्ने छ।
(२) छनोटमा सहभागीहरुको यातायात, बसोबास तथा अन्य खर्चहरु स्वयमले ब्योहोर्नु पर्ने छ।
(३) छनोटमा पर्न सफल बालबालिकाहरुको मात्र दैनिक तथा भ्रमण खर्च परिषद्ले उपलब्ध गराउने छ।
(४) छनोटका आधारहरु परिषद्ले तोके बमोजिम हुने छ ।
(५) छनोटमा पर्न सफल प्रत्येक प्रदेशका १० जना बालबालिकाहरुलाई परिषद्द्वारा अध्ययन, आवास तथा खेल प्रशिक्षणको व्यवस्था उपलब्ध गराईने छ।
६) अन्य आवश्यक व्यवस्था परिषद्ले तोके बमोजिम हुनेछ।

कृष्ण तिमिल्सिना
निर्देशक
सम्पर्क : ९८५६०६७६७६